जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन पर्यवेक्षण

### प्रारम्भिक प्रतिवेदन

२०७४ मङ्सिर २१ गते

प्रदेश तथा प्रतिनिधि सभाको दोस्रो चरणको निर्वाचनअन्तर्गत ४५ जिल्लामा आज मङ्सिर २१ गते निर्वाचन सम्पन्न भएको छ । आजको निर्वाचनमा लगभग ६५ प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान गरिएको छ । मङ्सिर १० गते पहिलो चरणमा ३२ जिल्लामा मतदान सम्पन्न भएको थियो । सो निर्वाचनमा ६५ प्रतिशत भन्दा बढी मतदान भएको निर्वाचन आयोगले जनाएको थियो ।

आज भएको दोस्रो चरणको निर्वाचनमा इन्सेकका ३ सय ९१ जना पर्यवेक्षकले निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरी ४५ जिल्लाका ७ सय मतदानस्थलको अनुगमन गरेका छन् भने इन्सेकका ४५ ओटै जिल्लाका जिल्ला प्रतिनिधिले निर्वाचनमा भएका घटनाहरूको सूचना सङ्कलन गरी सम्प्रेषण गरेका छन् । यसरी हेर्दा आजको निर्वाचन सामान्य वादविवाद, केही बम विष्फोटनका घटना तथा आचारसंहिता विपरीतका घटना बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

| प्रदेश | मतदाता | नि.क्षे. | प्रदेश नि.क्षे. |
|---|---|---|---|
| १ | २२७४२१६ | २१ | ४२ |
| २ | २७६७३६९ | ३२ | ६४ |
| ३ | २०७३४६९ | २४ | ४८ |
| ४ | १००५८०८ | १० | २० |
| ५ | २५८५२५२ | २४ | ४८ |
| ६ | ४७८७३१ | ५ | १० |
| ७ | १०४८९३३ | १२ | २४ |
| **जम्मा** | **१२२३३७७८** | **१२८** | **२५६** |

यो निर्वाचन सम्पन्न भएसँगै एक दशक लामो नेपालको संवैधानिक सङ्क्रमणकाल अन्त्य हुने दिशातर्फ मुलुक अगाडि बढेको छ । योसँगै नयाँ संविधान लागु भई यसले परिकल्पना गरेको सङ्घीय संरचनामा मुलुक अगाडि बढ्ने मार्ग प्रशस्त भएको छ । आवधिक निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो । तसर्थ आवधिक निर्वाचनहरू निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण हुनुपर्छ भन्ने मान्यता संसारभर राखिन्छ । चुनाव निष्पक्ष र स्वतन्त्ररूपमा सम्पन्न गर्न सकिएन भने सरकार, राजनीतिक दल र निर्वाचन आयोगप्रति नै शङ्का पैदा हुन्छ ।

**आजको निर्वाचनमा जे देखियो**

मतदातालाई त्रसित तथा आतङ्कित बनाउन देशका विभिन्न स्थानमा भएका विष्फोटनको परवाह नगरी मतदानमा सहभागी हुने जनआकाङ्क्षाले आवधिक निर्वाचनको महत्वलाई अझ उजागर गरेको छ । नगन्य घटना बाहेक निर्वाचन शान्तिपूर्वक सम्पन्न भएको प्रारम्भिक सूचना प्राप्त भएको छ ।

- विगतका निर्वाचन जस्तै यस निर्वाचनमा पनि अपाङ्गता भएका मतदाताले मतदान गर्न कठिनाइ भोग्नु पऱ्यो । मतदान केन्द्रहरू अपाङ्गतामैत्री नभएको पाइयो ।
- केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो ।

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !



मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन न.पा.-१३, (नीलो घर), स्यूचाटार, काठमाडौँ
पोष्ट बक्स नं. २७२६, काठमाडौँ, नेपाल, फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
Email: insec@insec.org.np Website: www.insec.org.np, www.inseconline.org

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

- स्थानीय तहको निर्वाचनका लागि मतदाता परिचयपत्र लिएका मतदाता यो निर्वाचनमा मतदान गर्न जाँदा उनीहरूको क्रम सङ्ख्या फरक भएको पाइयो ।
- शहरी क्षेत्रमासमेत मतदान प्रकृयाका बारेमा मतदाता अलमलमा परेको पाइयो ।
- सबैभन्दा बढी मतदाता रहेको मोरङ जिल्लाका केही मतदानस्थलमा मतदान केन्द्र थप गरिएका कारण मतदाताहरूले कुन केन्द्रमा नाम छ भनेर भेट्टाउन समस्या भयो ।
- दाङ जिल्ला दङ्गीशरण गाउँपालिका-६ श्रीगाउँ मतदान केन्द्रमा वाम गठबन्धनका प्रदेश सभाका उम्मेदवार उत्तरकुमार ओलीले मतदान गर्न जान लागेको अवस्थामा लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले विवाद गरेपछि उक्त मतदान केन्द्रमा झडप भयो । झडपमा लोकतान्त्रिक गठबन्धनका कार्यकर्ता दङ्गीशरण गाउँपालिका-६ बागरका ३४ वर्षीय टेकबहादुर केसी र २४ वर्षीय चित्रबहादुर केसी घाइते भए । टाउकोमा चोट लागेका दुवैलाई उपचारका लागि नेपालगञ्ज रिफर गरियो । उक्त मतदान केन्द्रको मतदान सुचारू भएको छ ।
- मतदान केन्द्रमा मतदान गर्नका लागि महिला र पुरूष मतदाताका लाइन अलगअलग गरिएको थियो भने ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका र बिरामी मतदातालाई सहजरूपमा मतदान गर्ने व्यवस्था मिलाइएको पाइयो ।
- बाँके र बर्दिया जिल्लामा केही मतदान केन्द्रमा बिहान ७.३० बजे मतदान र अन्य मतदान केन्द्रमा बिहान ७ बजेबाट मतदान सुरू भएको थियो । बर्दियाको अमर शहीद दशरथ मावि राजापुरमा प्रतिनिधि राख्ने विषयमा लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धनका कार्यकर्ताबिच केही समय विवाद भएको थियो । बाँकेको नेपाल राष्ट्रिय मावि गनापुर मतदान केन्द्र नजिक सवारी पास नलिइ चलाइएका चार ओटा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको पाइयो । यसैगरी कोहलुर नपा-५ सिद्धार्थ आधारभूत विद्यालय मतदान केन्द्र नजिक सवारी पास विना मोटरसाइकल चलाइएको पाइयो ।
- अछामको साँफेबगर नपा-१० बेतालमाण्डौ मावि मतदान केन्द्रमा काङ्ग्रेस र एमालेका एजेण्टबिच झडप हुँदा काङ्ग्रेसका प्रतिनिधि तेजबहादुर बडाहित घाइते भए । नाकमा चोट लागेका पीडितको स्थानीय स्वास्थ्यसंस्थामा उपचार भएको थियो ।
- निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा स्वतन्त्र तराई गठबन्धनका संयोजक डा. सिके राउतलाई आज बिहान धनुषा प्रहरीले गिरफ्तार गरेको छ । डा. राउतले निर्वाचनको पूर्वसन्ध्यामा सामाजिक सञ्जालमार्फत निर्वाचन बहिष्कारका लागि सर्वसाधरणलाई अपिल गर्दै आएका थिए ।
- सप्तरीको डाक्नेश्वरी नपा-८ को गप्रवाह मतदान केन्द्रको १ सय मिटर दुरी भित्रै नेपाली काङ्ग्रेसले जेरी, पुरीलगायतको भोज गरी मतदातालाई प्रभावमा पारी मतदान गर्न पठाउने गरेको पाइयो ।
- गुल्मीको कालीगण्डकी गाउँपालिका-५ फोक्सिका दुई मतदान केन्द्रमा ११ बजेबाट मात्रै मतदान सुरू भयो । काङ्ग्रेस कार्यकर्ताले एमाले नेता टिकाराम सापकोटालाई मङ्सिर २० गते राति कुटपिट गरेको विषयलाई लिएर गठबन्धनका कार्यकर्ताले मतदान अवरूद्ध गरेको पत्रकार घनश्याम गौतमले जानकारी दिए । सर्वदलीय बैठकपछि मतदान सुरू भएको थियो ।
- नवलपरासी जिल्लाको बर्दघाट नपा-९मा रहेको राजा महात्मा माध्यामिक विद्यालयस्थित मतदान केन्द्रमा बिहान ८ बजे बम विष्फोट हुँदा केही बेर मतदान प्रक्रिया रोकियो ।



मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन न.पा.-१३, (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल, फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
Email: insec@insec.org.np Website: www.insec.org.np, www.inseconline.org